# नीतिगत निर्णयहरु

१ आ.व. २०७५/०७६ को लागि कार्यपालिकाबाट प्रस्तुत नीति, कार्यक्रम तथा बार्षिक बजेट २०७५, जयपृथ्वी नगरपालिकाको आर्थिक ऐन, २०७५ र विनियोजन ऐन, २०७५ स्वीकृत गरियो ।

२ विद्यार्थी संख्या र शिक्षक दरबन्दीको अनुपातको आधारमा दरबन्दी मिलान र नपुग शिक्षक दरबन्दीको व्यवस्था गर्नका लागि प्रदेश सभा र सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

३ धार्मिक तथा पर्यटकीय स्थलहरु ऋषिकुण्ड, कैलाश गुफा, सिद्धमनाना, गोरेपाटन, वारिल लगायत पर्यटकीय क्षेत्रहरुको विकास प्रबर्द्धनका लागि नेपाल सरकार संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पहल, समन्वय गर्ने निर्णय गरियो ।

४ सदरमुकामलाई अन्य वडाहरु तथा अन्य गाउँपालिका सम्म जोड्न आ.व. २०७४।०७५ को नगर सभाबाट समेत पारित गरिएको र नगर क्षेत्र विस्तार गर्न डुंग्री-चैनपुर पक्की पुल प्राथमिकताका साथ निर्माणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालय, स्थानीय सडक, पुल कार्यक्रम र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागमा पुन: अनुरोध गर्ने निर्णय गरियो ।

५ मदिराको व्यवस्थित प्रयोग र नियन्त्रण गरि सुरक्षित र स्वस्थ समाजको निर्माण गर्न र जाँड रक्सि सेवनका कारण जिल्लामा घटीत अपराधहरु तथा बलात्कार जन्य घटनालाई निरुत्साहन गर्न सरोकारवाला निकायहरु स्थानीय प्रशासन, आमा समुह, युवा क्लव, सञ्चार माध्यमहरु संग प्रभावकारी अन्तरक्रिया र समन्वय गर्ने गरी मदिरा सेवन नियन्त्रण तथा नियमन गर्ने निर्णय गरियो ।

६ सुरक्षित शहरको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्न नगर क्षेत्रमा भवन आचारसंहिता, २०७२ कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

७ पानकोट पक्की पुल निर्माणको लागि परिमार्जित (Revised design and estimation) बमोजिम सिघ्राधि सिघ्र बोलपत्र व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

८ वडा कार्यालयको भवन निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

९ साना शहरी खानेपानी आयोजना निर्माणका लागि उपभोक्ता समितिको योग्दान वाप्तको रकम जम्मा भई सकेकोले सिघ्र आयोजनाहरु शुरु गर्नका लागि उक्त आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

१० नगरपालिका संग सम्बन्धित विषयहरुमा कानुनी प्रतिरक्षा साथै न्यायिक समितिका काम कारवाहीहरुमा सल्लाह, सहयोग गरी प्रभावकारी न्याय सम्पादनका लागि कानुनी परामर्श दाताको व्यवस्था गर्ने निर्णय गरियो ।

११ लैंगिक हिंसा, वालविवाह, छाउपडी जस्ता सामाजिक कुरीतिहरु प्रति शुन्य सहनशिल्ताको नीति अख्तियार गरी सबै वडा बस्ती र नगर तहमा व्यापक सामाजिक अभियानका साथै आर्थिक सामाजिक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

१२ वडा कार्यालयहरु संचालन भैसकेता पनि कार्यालय सहयोगीको व्यवस्था नहुंदा कार्यालय सरसफाई, आन्तरिक सुरक्षाको समेत भरपर्दो व्यवस्था गर्न उक्त पद रिक्त रहेका वडा कार्यालयहरुमा कार्यालय सहयोगी सेवा करारमा लिने निर्णय गरियो ।

१३ नगरपालिका क्षेत्र भित्र आधुनीक खेलमैदान निर्माणका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र पूर्वाधार विंकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।